# विपद व्यवस्थापन कोष संचालन कार्यविधि, २०७६

मितिः २०७६।०४।२२

**१. पृष्ठभुमी :** (क) भुकम्प, भुक्षय बाढी, पहिरो, आधिवेरी , आगलागी, विद्युत (करेन्ट) द्धारा हुनसक्ने प्रकोपजन्य घटना हरु जुनसुकै समयमा पनि अकल्पनिय रुपले घटन सक्ने भएकोले त्यसप्रति सचेत र पूर्व तयारी हुनु जरुरी छ । यस्ता प्रकोपजन्य घटनाहरु घटन नदिन, घटनालाई न्यूनीकरण गर्न र घटना घटी हालेमा तत्काल उचित व्यवस्थापनका लागि आवश्यक सतर्कता अपनाउन जरुरी भएकोले तारकेश्वर नगरपालिका ले विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७६ स्वीकृत गरि जारी गरेको छ । सोही ऐनको दफा १२ बमोजिम विपद व्यवस्थापन कोष संचालन कार्यविधि २०७६ गठन गरिएको छ ।

(ख) यस कोषको नाम “विपद व्यवस्थापन कोष संचालन कार्यविधी, २०७६” रहेको छ ।

(ग) यो कार्यविधी नगर कार्यपालिका बाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

**२. उद्देश्य :** विपद व्यवस्थापन कोष संचालन कार्यविधी, २०७६ का उद्देश्यहरु देहाय बमोजिम हुनेछन ।

(क) प्रकोपमा परेकाहरुको तत्काल उद्धारका लागि सहयोग पुऱ्याउने ।

(ख) राहतको लागि स्रोत साधनको व्यवस्था गर्ने, गराउने ।

(ग) विपदमा परेकाहरु लाई राहत तथा न्यूनतम आवश्यकता का सामग्रीहरु उपलब्ध गराउन मद्दत गर्ने ।

(घ) धनजनको थप क्षति हुन नदिई तत्काल उद्धार तथा राहत र व्यवस्थापन को लागि सहयोग पुऱ्याउने

(ङ) विपद हुनुपूर्व तथा विपद पश्चात भएका क्षति आंकलन गरि भौतिक संरचना व्यवस्थापनमा सचेत रहने

(च) प्रकोप बाट भएका क्षतिग्रस्त संरचनाको पुननिर्माण र मर्मत संभार मा सहयोग पुऱ्याउने

(छ) जोखिम सम्भावित स्थलहरुको विवरण तयार गरि प्रकोप व्यवस्थापन मा जनचेतना फैलाउने

(ज) विपद हुनुपुर्व प्रतिकार्य तालिमहरु प्रदान गर्ने ।

**३. <u>कोष स्थापना र संचालन :</u>** (१) ऐनको दफा १२ बमोजिम नगरपालिका ले विपद व्यवस्थापन कोष गठन गर्नु पर्नेछ ।

(२) कोषमा देहायबमोजिम को रकम रहने छ :

(क) नगरपालिका को वार्षिक बजेट बाट विपद व्यवस्थापन कोषमा जम्मा गर्न स्वीकृत रकम,

(ख) विपद व्यवस्थापन को लागि संघीय र प्रदेश सरकार बाट प्राप्त रकम,

(ग) कुनै पनि व्यक्ति संस्था वा निकायद्वारा विपद व्यवस्थापन को लागि प्राप्त सहयोग वा अनुदान रकम,

(घ) अन्य कुनै स्रोत बाट प्राप्त रकम ।

(३) विपद व्यवस्थापन कोषमा जम्मा हुने गरी नगरपालिकाले कानून बमोजिम विशेष शुल्क वा दस्तुर संकलन गर्न सक्नेछ ।

(४) कोषको रकम खर्च गर्दा प्रचलित आर्थिक प्रशासन सम्बन्धी नियमानुसार गरिनेछ ।

**४. <u>कार्यक्षेत्र र सिमा</u> :** (१) तारकेश्वर नगरपालिका कार्यालयले आफ्नो प्रयोजनको लागि मात्र यो कार्यविधी बनाएको हुँदा यसको कार्य क्षेत्र तारकेश्वर नगरपालिका क्षेत्र भित्र रहनेछ भने अन्य स्थानीय निकायको लागि मार्गदर्शक हुन सक्नेछ ।

(२) विपद व्यवस्थापनले आपतकालिन अवस्था को कार्यको लागी आवश्यक पर्ने व्यवस्थापकीय तथा संस्थागत पक्षलाई समेट्ने छ ।

(३) मानव जीवन र मानवले प्रयोग गर्ने भौतिक संरचनाको क्षति तथा सो को कारण ले पर्न सक्ने असरका क्षेत्रहरु धारा, कुवा, बाटो, पुल, पुलेसा, विद्युत तथा सो सँग सम्बन्धित ।

(४) विपदको कारणले क्षतिग्रस्त भएको संरचनाहरुको विद्यालय, पाटीपौवा, मठमन्दिर, स्वास्थ्य चौकी तथा सामुदायिक क्षेत्रहरु ।

(५) विपद व्यवस्थापन तथा न्यूनिकरणका लागि खोज, उद्धार, राहत प्रदान जस्ता क्षेत्रहरु,

(६) विपदको कारणले हुन सक्ने क्षति तथा सो को व्यवस्थापनको लागि छलफल, अन्तक्रिया, तालिम, चेतनामुलक कार्यक्रम जस्ता कार्यक्रमहरु ।

(७) विपद प्रतिकार्यका तयारी कार्यक्रमहरु, सचेतना अभिवृद्धि, सहभागितामूलक कार्यक्रम तथा तत्काल खतराको सम्भावना भएको क्षेत्रबाट प्रभावित लाई सुरक्षित स्थानमा सार्न र व्यवस्थापन गर्ने गराउने ।

(८) विपद कोष बाट भएको कार्यक्रमहरुको अनुगमन, निरिक्षण गर्न नियमानुसार को भत्ता तथा समितिको बैठकको बैठक भत्ता उपलब्ध गराउने ।

**५. <u>खर्च गर्ने विधि र प्रक्रिया</u> :** (१) भुकम्प, भु-क्षय, बाढी, पहिरो, हुरीबतास, भल बाढी जस्ता प्राकृतिक तथा आगलागि, करेन्ट (विद्युत) , सडक दुर्घटना, महामारी जस्ता गैर प्राकृतिक कारणले हुन गएको क्षतिको अवस्था अनुसार देहायबमोजिम कागजातको आधारमा तत्काल राहत रकम १ पटकमा वढीमा रु. ५००००।- (पचास हजार) मा नबढ्ने गरि क्षतिको प्रकृति अनुसार देहायबमोजिमको राहत रकम उपलब्ध गराउन सकिनेछ ।

माथी उल्लेखित राहत वितरण गर्दा देहायको आधारमा गरिनेछ :

- सम्बन्धित व्यक्तिको निवेदन,
- सम्बन्धित वडा प्रतिनिधीको रोहवरमा घटनाको सर्जमिन,
- आवश्यकता अनुसार प्रहरी मुचुल्का समेत लिन सकिनेछ,
- सम्बन्धित वडा कार्यालयको सिफारिस,
- भौतिक क्षति को प्राविधिक निरिक्षण र प्रतिवेदन,
- मृतक तथा घाइते को हकमा अस्पताल को रिपोर्ट तथा उपचारको विल भरपाई ।

## <u>राहत</u>

| क.स. | क्षति | अवस्था | | रकम |
|---|---|---|---|---|
| १. | मानवीय | मृत्यु | | रु.५००००। |
| | | घाईते | | रु. ३०००। - रु. २५०००। |
| | | अन्य (खाद्यान्न , लत्ताकपडा लगायत दैनिक प्रयोग गरिने सामाग्रिहरु मेसिनरी बाहेक) | | रु. २०००। - रु. ५०००। |
| २. | पशु चौपाया | गाई/भैंसी (प्रति वटा) | थारो ( बाच्छाबाच्छी) | मृत्यु भएमा रु. ३०००।<br>घाईते भएमा रु. १०००। |
| | | | गर्भिणी | मृत्यु भएमा रु. १००००।<br>घाईते भएमा रु. ३०००। |
| | | | दुहुनो | मृत्यु भएमा रु. २००००।<br>घाईते भएमा रु. ३०००। |
| | | बाखा (प्रति वटा) | पाठापाठी | मृत्यु भएमा रु. १०००।<br>घाईते भएमा रु. ५००। |
| | | | माउ बाखा/ बोका/खसी | मृत्यु भएमा रु. २५००। - रु.५०००।<br>घाईते भएमा रु. १५००। |
| ३. | पशुपंक्षी/माछा | कुखुरा/हाँस तथा अन्य पंक्षि | | क्षतिको यकिन गरी रु. १०००। देखि रु.१००००। सम्म (व्यवसाय दर्ता भएमा) |

| | | | | |
|---|---|---|---|---|
| | | माछा | क्षतिको यकिन गरी रु. १०००। देखि रु.१५०००। सम्म (व्यवसाय दर्ता भएमा) | |
| ४. | घर | पक्की | पूर्ण क्षति रु. ५००००। | आंशिक क्षति रु.१००००। - रु. २५०००। |
| | | कच्ची | पूर्ण क्षति रु. २५०००। | आंशिक क्षति रु. ५०००। - रु. १५०००। |
| ५. | टहरो | पक्की | पूर्ण क्षति रु. २००००। | आंशिक क्षति रु. ५०००। - रु.१०००० |
| | | कच्ची | पूर्ण क्षति रु. १००००। | आंशिक क्षति रु. २०००। - रु.५००० |
| ६. | गोठ | पक्की | पूर्ण क्षति रु. ७०००। | आंशिक क्षति रु. २०००। - रु.५०००। |
| | | कच्ची | पूर्ण क्षति रु. ५०००। | आंशिक क्षति रु. २०००। - रु. ३००० |
| ७. | बाली / तरकारी | बाली | क्षतिको प्रकृति र परिणाम हेरी रु. २०००। - रु. १०००० सम्म | |
| | | तरकारी | क्षतिको प्रकृति र परिणाम हेरी रु. २०००। - रु. १०००० सम्म (व्यवसाय दर्ता भएमा) | |
| ८. | सडक यातायात | | मेसिन प्रयोग गरी तुरुन्त सुचारु हुने भए सुचारु गर्ने अन्यथा नगरपालिकालाई मर्मत गर्न सिफारिस गर्ने । | |
| ९. | अन्य भौतिक निर्माण (वाल,तार, जाली आदि ।) | | प्राविधिक ईष्टिमेट अनुसार | |

❖ **घाईतेको हकमा उपचार खर्चको बिल भरपाई पेश गर्नुपर्नेछ ।**

(२) ऐनको दफा १७ बमोजिम तत्काल राहत सामग्री खरिद वा निर्माण कार्य गर्नु परेमा नगर प्रमुखको अनुमतीमा रु. ५ लाख सम्म र सो भन्दा बढीमा नगर विपद व्यवस्थापन समितिको निर्णय बाट खर्च गर्न सकिनेछ । तत्काल निर्णय गर्न नसकिने भई खर्च भएमा उक्त खर्च रकम समितिको वैठक बाट अनुमोदन गराउन पर्नेछ ।

(३) रु. १ लाख भन्दा बढी रकम लाग्ने निर्माण कार्यको लागि नगरपालिका का प्राविधिक बाट लगत इष्टिमेट तयार गरि प्रत्यक्ष रेखदेखमा सम्बन्धित उपभोक्ता, टोल विकास समिति द्वारा गराउन सकिनेछ ।

(४) उद्धार तथा राहत कार्यक्रम संचालनको लागि खर्च गर्दा प्रचलित ऐन तथा नियमहरुको पूर्ण रुपले पालना गर्नु पर्नेछ साथै विल भरपाई तथा खर्च अनुमोदन अनिवार्य रुपले गराउनु पर्नेछ ।

(५) विपद कोषमा भएको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ । साथै नियमानुसार लेखा परिक्षण गराइनेछ ।

६. **अनुगमन तथा सुपरिवेक्षण :** विपद व्यवस्थापन कोष बाट भएका कार्यक्रमहरुको अनुगमन तथा सुपरिवेक्षण गर्न नगर उपप्रमुखको संयोजकत्वमा देहायबमोजिमको अनुगमन तथा सुपरिवेक्षण समिति गठन हुनेछ :

नगर उप प्रमुख : संयोजक

प्राविधिक (ईन्जिनियर) शाखा प्रमुख : सदस्य

सम्बन्धित वडा अध्यक्ष : सदस्य

सम्बन्धित वडाको वडा सचिव

विपद व्यवस्थापन शाखा प्रमुख : सदस्य सचिव

(१) विपद व्यवस्थापन कोष बाट भएका कार्यक्रमहरुको अनुगमन तथा सुपरिवेक्षण गर्न वडा अध्यक्षको अध्यक्षतामा गठित वडास्तरीय विपद व्यवस्थापन समिति को कर्तव्य हुनेछ ।

(२) प्राविधिक लगत इष्टिमेट गरि उपभोक्ता समिति मार्फत भए गरेका कार्यक्रमहरुको अनुगमन तथा सुपरिवेक्षण गरि कार्य सम्पन्न विवरण लिनु पर्नेछ ।

(३) तोकिएको अनुगमनकर्ता तथा सुपरिवेक्षकले आफुले गरेको अनुगमन प्रतिवेदन विवरण नगरपालिका कार्यालयमा पेश गर्नु पर्नेछ ।

(४) प्रतिवेदन प्राप्त भएपछि मात्र भए गरेका निर्माण तथा पूननिर्माण कार्यको अन्तिम किस्ता रकम भुक्तानी गरिनेछ ।

७. **विवरण सार्वजनिक गर्नुपर्ने :** (१) उद्धार तथा राहत कार्यक्रमको लागि उपलब्ध गराइएको रकम तथा भए गरेका कार्यको विवरण चौमासिक रुपमा सार्वजनिक गर्नु पर्नेछ ।

(२) वडास्तरीय विपद व्यवस्थापन कार्यको भौतिक तथा वित्तिय विवरण वडा कार्यालयले नगरपालिका कार्यालयमा पठाउनु पर्नेछ ।

(३) कोषको वार्षिक आयव्ययको विवरण तयार गरि नगर कार्यपालिका मार्फत नगर सभामा पेश गर्नु पर्नेछ ।

**८. <u>अन्य</u> :** (१) यस कार्यविधीमा उल्लेख हुनुपर्ने केही कुराहरु थपघट गर्नु परेमा सम्बन्धित ऐनको नियमको परिधि भित्र रही नगर परिषदले थपघट गर्न सक्नेछ ।

(२) कार्यविधिमा उल्लेख गरिएका कामहरु का हकमा कार्यविधि अनुसार र उल्लेख नभएका कामको हकमा प्रचलित सार्वजनिक खरिद ऐन नियमावली तथा स्थानीय सरकार संचालन ऐन, २०७४ र प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

(३) विपद सम्बन्धी योजना कार्यान्वयनमा नगर सभा तथा नगर कार्य समितिको वैठक बाट पारित नीति निर्देशन र निर्णयानुसार हुनेछ ।

(४) विपद व्यवस्थापन कोष संचालन नगर विपद व्यवस्थापन समिति मार्फत हुनेछ, सो सम्बन्धी कामको लागि समितिको वैठक वर्षमा कम्तीमा २ पटक र आवश्यकता अनुसार बस्न सक्नेछ ।

(५) समितिका पदाधिकारीहरु लाई वैठकमा माग लिए वापत नगर परिषद बाट तोकिएबमोजिम वैठक भत्ता प्रदान गर्न सकिने छ ।

(६) यस कार्यविधिमा लेखिएका कुराहरु प्रचलित अन्य संघीय, प्रादेशिक र स्थानीय ऐनहरु कानून सँग बाझिएमा बाझिएको हद सम्म स्वतः निष्कृय हुनेछ ।

(७) यस कार्यविधिमा लेखिएका कुराहरु आवश्यकता अनुसार कार्यपालिकाले हेरफेर गर्न सक्नेछ ।